# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

झापा, १ नं प्रदेश, नेपाल, असार २७ गते २०७८ साल

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन**

**२०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको कचनकवल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ |**

## संवत् २०७८ को कचनकवल गाउँपालिकाको कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा अनुदान परिचालन कार्यविधि

स्थानीय राजपत्र

## कचनकवल गाउँपालिकाको कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७८

गाउँसभाबाट पारित मिति- २०७८।०३।२७
राजपत्रमा प्रकाशित मिति- २०७८।०४।०१

**प्रस्तावना :-**

स्थानीय तहमा कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवद्धनको लागि उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन बञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ अनुसार कचनकवल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (२) अनुसारले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम **"कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा अनुदान कार्यविधि २०७८"** रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**अनुदान**" भन्नाले गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि, पशु तथा मत्स्य व्यवसाय उत्पादन, प्रशोधन, मुल्यअभिवृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद वा सहुलियतमा दिईने कृषि, पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी अन्य भौतिक सामाग्री र उपकरण समेतलाई सम्झनु पर्दछ । साथै साझेदार निकायबाट हुने कृषि तथा पशुपन्छी सहुलियतलाई पनि बुझाउनेछ ।

(ख) "**अनुदानग्राही**" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि तथा पशुपन्छी उद्यम, कृषक समुह, कृषि तथा पशुपन्छी सहकारी, कृषि तथा पशुपन्छीसँग सम्बन्धित समिति, समुह र कृषि व्यवसायीलाई सम्झनु पर्दछ ।

(ग) "**कृषि व्यवसाय**" भन्नाले कृषि, पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मुल्यअभिवृद्धि एवं औद्योगिकरण गर्नेलाई समेत सम्झनु पर्दछ ।

(घ) **कार्यक्रम** भन्नाले गाउँपालिका वा साझेदार निकाय तथा अर्न्तगतका निकायबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनु पर्दछ ।

(ङ) "**कार्यालय**" भन्नाले गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्दछ ।

(च) "**कृषि सामाग्री**" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, वेर्ना, नस्ल, मत्स्य विज, सिमेन, क्रायोमिल्ट, भ्रुण, खोप, पशु आहार तथा दाना जन्यपदार्थ, औषधि तथा विषादी, जैविक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसर्डन्फेकटेन्ट, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य वस्तु समेतलाई सम्झनु पर्दछ ।

(छ) "**बैक**" भन्नाले नेपाल सरकारको नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वाणिज्य बैक सम्झनु पर्दछ ।

(ज) "**छनौट समिति**" भन्नाले दफा १७ बमोजिमको छनौट समिति सम्झनु पर्दछ ।

३. **<u>अनुदान उपलब्ध गराउन सक्ने :-</u>** (१) गाउँपालिकाले बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) अनुदान प्रवाह गरिने क्षेत्रहरु देहाय बमोजिम हुनेछ :-

(क) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु

(ख) कृषि, मत्स्य तथा पशुपन्छी सम्बन्धि उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी लक्षित कार्यक्रमहरु

(ग) कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी लक्षित कार्यक्रमहरु

(घ) कृषि तथा पशुपन्छी जन्य उद्योग प्रवर्द्धन तथा विकास लक्षित कार्यक्रमहरु

(ङ) विविध

३. **<u>अनुदानको सूचना र अनुदानग्राहीको छनौट :-</u>** (१) अनुदान सम्बन्धि कार्यक्रम सञ्चालन गर्न यस कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म पहुँच पुग्ने गरी आवेदन मागको लागि कम्तिमा १५ दिनको सूचना प्रकासन प्रसारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन माथि छनौट समितिले छनौट गर्नेछ ।

(३) उपदफा (२) अनुसार छनौट भएकालाई कार्यालय प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

४. **<u>अनुदान रकमको सीमा :-</u>** (१) गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकमको सीमा सामान्यतया कुल लागतको पचास प्रतिशत भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका कार्यक्रम तथा कृयाकलापको हकमा सीमा लागु हुने छैन :-

(क) प्राकृतिक विपद वा प्रचलित कानुनमा तोकिएको लक्षित समुहका लागि गाउँपालिका आफैले वा सरकारी तथा गैर सरकारी संघ संस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यन्वयनमा रहेको परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराईनेछ ।

५. **अनुदान रकमको निर्धारण :-**कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

६. **अनुदानग्राहीसँग सम्झौता गर्नुपर्ने :-** (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

(२) अनुदानग्राहीले अनुदान रकम अनुसारको प्रस्तावना अनिवार्य पेश गर्नु पर्नेछ ।

(३) अनुदानग्राहीले गर्नेकार्य पश्चात मात्र कार्यालयले भुक्तानी गर्नेछ ।

७. **अनुदानको भुक्तानी बैक खाता मार्फत हुने :-** (१) कार्यालयले छनौट गरेको अनुदानग्राहीले बैक मार्फत अनुदान प्राप्तिको लागि आफूलाई पायक पर्ने बैकमा खाता खोल्नु पर्नेछ ।

(२) अनुदानग्राहीको खाता रहेको बैकमा अनुदान रकम जम्मा गरिनेछ ।

८. **बीमा गर्नु पर्ने :-** (१) यस कार्यविधिको दफा (३) को उपदफा (२) को (ग) र (घ) क्षेत्र अन्तर्गत अनुदानप्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्नु पर्नेछ ।

(२) दफा (३) को उपदफा (२) को (क) र (ख) क्षेत्र अन्तर्गत व्यवसायिक रुपमा संचालन हुने बाली, पशुधन र मत्स्य साथै फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको कृषि व्यवसायको बीमा गर्नु पर्नेछ ।

(४) तोकिएको कृषि व्यवसायमा बीमाको प्रावधान नभएको हकमा बीमा अनिवार्य हुने छैन । तर यस्तो अवस्थामा व्यवसायमा हुने सम्भावित क्षतिको जिम्मेवारी अनुदानग्राही स्वयं हुनु पर्नेछ ।

९. **विवरण प्रकाशन गर्नुपर्ने :-** अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने अनुदान ग्राहीसँग भएको सम्झौताको विवरण कार्यालयको वेबसाइटमा नियमित रुपमा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

१०.**असुल उपर गर्नुपर्ने :-**कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ । विपद वा कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्तक्षतीको प्रमाणित विवरण ( वडाको सिफारिस, मुचुल्का) सहित १५ दिन भित्र अनुदान प्राप्त गरेको निकायमा लिखित सूचना दिनु पर्नेछ । यस्तो विवरण कृषकलाई कार्वाहीबाट बचाउ गर्न प्रयोग गर्न सकिने छ ।

११. **संघीय सरकार वा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम :-** संघीय सरकार तथा प्रदेश सरकारबाट सर्शत अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमहरु संघीय सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन् ।

१२.**सम्झौता बमोजिम सञ्चान हुने :-** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि साझेदार निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलाप सञ्चालन गर्दा सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ ।

१३.**अनुदानग्राहीले कृषि कर्जा प्राप्त गर्न सक्ने :-** अनुदानग्राहीले चाहेमा आफूले स्वः लगानी गर्नु पर्ने रकम अनुदानको स्वीकृती हुनुपूर्व बैकको प्रचलित नियम बमोजिम कृषि कर्जा प्राप्तिको सुनिश्चितता गर्न सक्नेछन् ।

१४.**व्याजमा अनुदान :-** (१) गाउँपालिका भित्र व्यवसायिक रुपमा कृषि, पशुजन्य उत्पादन तथा सोही क्षेत्रमा मुल्य अभिवृद्धि हुने गरि उद्यमशिलता विकासका लागि प्रति व्यवसायीको रु १० लाखसम्मको कर्जामा लाग्ने व्याजमा गाउँपालिकाले ५० % अनुदान व्यहोर्न सक्नेछ ।

(क) कृषि, पशु तथा मत्स्य व्यवसाय उपलब्ध गराइने सुलभ व्याजदरको लागि गाउँपालिका कार्यक्षेत्रमा भएको बैकहरुसँग कर्जाको दररेट माग गरिने छ ।

(ख) ब्याज अनुदान उपलब्ध गराउदा व्यवसायको उद्देश्य लागत स्पष्ट खुल्ने गरी कृषि, पशु तथा मत्स्य क्षेत्रमा प्रचलित दरको लाग्ने व्याजदरबाट हुने आउने बैकले एक आर्थिक वर्षको लागि निर्धारण गरेको व्याजको ५० % हुनेछ ।

(ग) व्यवसायी उद्यमीलाई १० लाख भन्दा माथि व्यवसायमा लगानी गर्न वाधा पर्ने छैन ।

(घ) अनुसूची १ बमोजिम व्यवसायिक कृयाकलाप सञ्चालन गर्न व्याजमा तोकिएको अनुदान दिन सकिनेछ ।

(ङ) ब्याजमा अनुदान दिइने कृषि, पशु तथा मत्स्य प्रवर्द्धन व्यवसायको ऐनको दफा ३३ बमोजिम बिमा गरिएको हुनेछ ।

**१५.<u>कृषि, पशु तथा मत्स्य यान्त्रिकरणमा अनुदान</u>** :- (१) गाउँपालिकामा दर्ता भएका कृषि व्यवसायी, फर्म,सहकारी समुहबाट माग भए बमोजिम गाउँपालिका तथा अन्य साझेदार निकायको लागत सहभागितामा मिनि टिलर, ट्रयाक्टर, मोटर बोरिङ्ग, प्लाष्टिक टनेल, थोपा सिचाँई प्राणाली, ट्यूबेल, स्लाव ट्यूबेल, आधुनिक कृषि, पशु तथा मत्स्य यान्त्रिकरण उपकरण तथा औजारहरुमा अधिकतम ७५% सम्म लागत सहभागित व्यहोर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम बाँकी २५% व्यवसायीको लागत व्यहोर्ने छ ।

(३) व्यवसायीले उक्त लागत गाउँपालिकाको सम्बन्धित कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) उल्लेखित अनुदान कार्यक्रम गाउँपालिकाको स्वीकृत बजेट तथा साझेदार निकायको समन्वयमा लागत सिमा भित्र रही सूचना, निवेदन संकलन तथा छनौट प्रक्रिया पुरा गरि संचालन गरिनेछ ।

**१६.<u>कृषि, पशु तथा मत्स्य व्यवसायीकरणमा अनुदान</u>** :- (१) गाउँपालिका भित्र दर्ता भएका कृषि, पशु तथा मत्स्य समुह, व्यवसायी, फर्म, सहकारीबाट माग भए बमोजिम अधिकतम रु १० लाख लागतको व्यवसायको ५० % सम्म गाउँपालिकाबाट अनुदान व्यहोर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बाँकी ५० % वा सो भन्दा बढी लागत उल्लेखित समुह, व्यवसायी, फर्म, सहकारीबाट व्यहोर्ने सुनिश्चितता भएको हुनुपर्नेछ ।

(३) उल्लेखित अनुदान कार्यक्रम गाउँपालिकाको स्वीकृत बजेट तथा साझेदार निकायको समन्वयमा लागत सिमा भित्र रही सूचना, निवेदन संकलन तथा छनौट प्रक्रिया पुरा गरि संचालन गरिनेछ ।

(४) कार्यसम्पादन प्रतिवेदन पश्चात अनुदान रकम सम्बन्धित व्यवसायीलाई बैक मार्फत उपलब्ध गराईनेछ ।

१७.**गाउँपालिका स्तरमा अनुदानग्राही छनौट समिति** :- (१) गाउँपालिका स्तरमा अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको एक छनौट समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) विषयगत समितिका संयोजक - सदस्य
(घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
(ङ) सम्बन्धित शाखाको प्रमुख - सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा २ जना विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छनौट समितिले अनुसूचि ४ को ढाँचामा मुल्याङ्कनको आधार निर्माण गरि मुल्याङ्कन गर्नेछ ।

(४) लक्षित कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सहभागिलाई तालिम, प्रशिक्षण, सचेतनामुलक कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित वडा समिति वा दफा १७ को छनौट समितिको सिफारिसमा दफा १५ बमोजिम अनुदान सामाग्री र दफा १६ बमोजिम व्यवसायी अनुदान लक्षित वर्गलाई उपलब्ध गराउन सकिनेछ ।

१८.**पशु विमा कार्यक्रम** :- (१) दिगो कृषि विकासको सुनिश्चितता गर्न गाउँपालिका अन्तर्गत साना तथा ठूला पशुहरुको लगत संकलन गरि विमा गर्न प्रोत्साहित गरिनेछ ।

(२) नेपाल सरकारको विमा ऐन २०४९ बमोजिम कारोवार गर्ने ईजाजत प्राप्त संस्था मार्फत व्यवसायीले गर्ने पशुधनको विमाको २५ % विमा शुल्कको हुन आउने रकमको ५० % सम्म लागत गाउँपालिकाले अनुदानको रुपमा व्यहोर्ने छ ।

(३) गाउँपालिका भित्र पशुधन विमा गर्न ईच्छुक विमा संस्थाहरुसँग प्रस्ताव माग गरि अनुकुल सेवा प्रदायकसँग सम्झौता गरि पशुधन विमा सञ्चालन गरिनेछ ।

(४) विमा समितिले विमा शुल्क अनुदानको व्यवस्थापकीय हुन आउने कृषकले तिर्ने विमा शुल्क २५ % को हुन आउने रकमको बाँकी ५० % रकम सम्बन्धित कृषक व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

१९.**अनुगमन तथा मूल्याङ्कन** :- यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको अनुदान भुक्तानीको अनुगमन तथा मूल्याङ्कन गाउँपालिका उपाध्यक्षको नेतृत्वमा गठित गाउँपालिका स्तरीय अनुगमन समितिबाट नै हुनेछ ।

२०.**प्रतिवेदन** :- सम्पादन गरेका कार्यको कृषि तथा पशु इकाईबाट प्रगति प्रतिवेदन अनुसूचि २ र अनुसूचि ३ बमोजिमको ढाँचामा चौमासिक र बार्षिक रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ ।

२१.**विवरण प्रकाशन गर्नु पर्ने** :- कार्यालयले अनुदानग्राहीको नाम सहितको विवरण आफ्नो वबसाईट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

२२.**गुनासो व्यवस्थापन** :- (१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिन भित्र निरुपण गर्नु पर्नेछ ।

२३.**लागत सहभागिता अनुदान** :- यस गाउँपालिकाले संघ, प्रदेश तथा साझेदार निकायसँग साझेदारीमा कोल्ड स्टोर, बहुउद्देश्य भवन, हाट बजार, कृषि संकलन केन्द्र आदि निर्माण सञ्चालन र व्यवस्थापनमा लागत साझेदारी जनाउन सक्नेछ ।

२४.**सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्ने** :- यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरि सेवा प्रवाह गर्ने अनुदानग्राहीले सम्बन्धित सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यस्था सम्झौताका शर्तमा उल्लेख गरि लागु गर्नु पर्नेछ ।

२५.**दोहोरो सुविधा लिन नपाउने** :- अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिमा अनुदान प्राप्त गरेको देखिएमा तीन वर्षसम्म अनुदान प्रदान गरिने छैन । तर एकै कृषक, फर्म, समुहले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न वाधा पर्ने छैन ।

२६.**अनुदानग्राही जिम्मेवार हुने** :- (१) कुनै विशेष कारण वा काबु वाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्ध भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदाग्राही स्वयं जिम्मेवारी हुनेछ ।

(२) अनुदानबाट प्राप्त कृषि यान्त्रीकरण सामाग्रीको अनुदान प्रापकले संरक्षण गर्नु पर्नेछ । सामुहिक उपयोग हुन सक्ने सामाग्रीको यथोचित संरक्षण, सुरक्षा हुन नसकि हानि भएको लागेमा अनुदानको लागत रकम अनुदानग्राहीबाट असुल उपर गर्न बाधा पर्ने छैन ।

२७.**अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्ध गर्न सक्ने वा सम्झौता रद्ध गर्ने** :- कार्यक्रम प्रचलित कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवश कार्यालयले

कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई कार्यक्रम वा सम्झौता रद्ध गर्न सक्नेछ ।

२८.**अनुदान कार्यक्रमको सूचि सर्वाजनिक सम्बन्धि** :- बार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्ने अनुदानका कार्यक्रमको सूचि गाउँपालिकाले सार्वजनिक गर्नु पर्नेछ ।

२९.**खारेजी वा संशोधन :-** यो कार्यविधि स्वीकृत गाउँ कार्यपालिकाको निर्णयानुसार खारेजी वा संशोधन हुनेछ ।

**३०.विविध :-** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

## अनुसूचि - १

स्थानीय राजपत्र

**दफा २ को खण्ड (घ) सँग सम्बन्धित**
**अनुदान रकम उपलब्ध हुने कार्यक्रमहरु**

| क.स. | कार्यक्रम |
|---|---|
| १ | कृषि पर्यटन प्रवर्धन कार्यक्रम |
| २ | प्रोटेक्टेड हर्टिकल्चर प्रबर्धन तथा प्रविधि विस्तार कार्यक्रम |
| ३ | चियाखेती प्रबर्धन तथा आधुनिकिकरण कार्यक्रम |
| ४ | शित भण्डार घर निर्माण कार्यक्रम |
| ५ | एग्रीमार्ट स्थापना कार्यक्रम |
| ६ | वगर खेति कार्यक्रम |
| ७ | स्क्रिन हाउस निर्माण कार्यक्रम |
| ८ | व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम |
| ९ | नमुना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रम |
| १० | आलु भण्डारको लागी रष्टिक स्टोर निर्माण कार्यक्रम |
| ११ | खेर गएको सार्वजनिक जग्गामा फलफुल खेती प्रवर्धन कार्यक्रम |
| १२ | कागती खेती विस्तार कार्यक्रम |
| १३ | च्याउँ खेती प्रर्वधन कार्यक्रम |
| १४ | कफि खेती विस्तार कार्यक्रम |
| १५ | व्यवसायिक बीज वृद्धि प्रवर्धन तथा बीउ विजन आत्मनिर्भर कार्यक्रम |
| १६ | सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रम |
| १७ | कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम |

| | |
|---|---|
| १८ | नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम |
| १९ | सघन बाली विकास कार्यक्रम |
| २० | उन्नत वीउ विजन तथा उत्पादन सामग्रीमा सहयोग कार्यक्रम |
| २१ | चैते धान विशेष सहयोग कार्यक्रम |
| २२ | कमर्सियल ऐग्रीकल्चर एलायनस (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम |
| २३ | स्रोत केन्द्र ( च्याउ र मौरी) विकास कार्यक्रम |
| २४ | चक्लाबन्दि खेती प्रर्वधन कार्यक्रम |
| २५ | अभियानमुखि अदुवा उत्पादन प्रवर्धन कार्यक्रम |
| २६ | परिक्षण मिनिल्याव स्थापना तथा सुद्धढीकरण कार्यक्रम |
| २७ | कृषि यान्त्रिकरण अनुदान परिचान कार्यक्रम |
| २८ | वंगुर तथा बाखाको दाना उद्योग स्थापना कार्यक्रम |
| २९ | मिल्किङ्ग मेसिन वितरण कार्यक्रम |
| ३० | खसि बोका संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम |
| ३१ | मिटमार्ट स्थापना कार्यक्रम |
| ३२ | मासु चिस्यान घर स्थापना कार्यक्रम |
| ३३ | पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम |
| ३४ | पशु वधशाला निर्माण तथा सुधार कार्यक्रम |
| ३५ | साईलेज प्रविधिमा अनुदान सहयोग कार्यक्रम |
| ३६ | साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम |



स्थानीय राजपत्र

| | |
|---|---|
| ३७ | पशुपन्छि तथा पशुपन्छि जन्य पदार्थ ढुवानी साधन खरिद कार्यक्रम |
| ३८ | मत्स्य ह्याचरी निर्माण एंव व्यवस्थापन कार्यक्रम |
| ३९ | नर्सरी पोखरी निर्माण कार्यक्रम |
| ४० | मत्स्य यान्त्रिकरण कार्यक्रम |
| ४१ | मत्स्य उत्पादन कार्यक्रम |
| ४२ | पशु हाटबजार निर्माण/सुधार कार्यक्रम |
| ४३ | बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम |
| ४४ | मिल्क एनालाईजर वितरण कार्यक्रम |
| ४५ | व्यवसायिक वंगुर फार्म खोर निर्माण/ सुधार जैविक सुरक्षा कार्यक्रम |
| ४६ | व्यवसायिक गाईभैसी फार्म गोठ निर्माण/सुद्धढिकरण तथा जैविक सुरक्षा कार्यक्रम |
| ४७ | व्यवसायिक बाखा फार्म खोर निर्माण/ सुधार जैविक सुरक्षा कार्यक्रम |
| ४८ | अण्डा उत्पादन गर्ने व्यवसायिक कुखुरा फार्म खोर निर्माण/सुधार जैविक सुरक्षा कार्यक्रम |
| ४९ | मोटर सहितको च्याफटर मेसिन वितरण |
| ५० | मासु पसल निर्माण/सुधार |
| ५१ | डेरी पसल निर्माण/सुधार |
| ५२ | व्यवसायिक बाखा फार्मलाई डिपिङ्ग निर्माण कार्यक्रम |
| ५३ | सामुदायिक वन तथा खेर गएको जग्गमा घाँसखेति विकास कार्यक्रम |
| ५४ | उन्नत घाँस खेतीको आधारमा अनुदान कार्यक्रम |

| | |
|---|---|
| ५५ | साइलेज हाँस प्रयोजनको लागि मकै घाँस खेतिमा अनुदान कार्यक्रम |
| ५६ | व्यवसायिक बंगुर प्रवर्धन प्रादेशिक अभियान कार्यक्रम |
| ५७ | मेचि राजमार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण कार्यक्रम |
| ५८ | मासु बजार व्यवस्थापन कार्यक्र |
| ५९ | मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम |
| ६० | टि.एम.आर. मेसिन अनुदान कार्यक्रम |
| ६१ | गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम |
| ६२ | चिलिङ्ग भ्याट स्थापना कार्यक्रम |
| ६३ | ग्रामिण कुखुराको ह्याचरी स्थापना कार्यक्रम |
| ६४ | गाउँपालिका क्षेत्र पशु विकास कार्यक्रम |
| ६५ | मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम |
| ६६ | रैथाने बाली उत्पादन प्रबर्धन कार्यक्रम |
| ६७ | विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम |
| ६८ | बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग |
| ६९ | हुलाकी राजमार्ग, मेचि राजमार्ग तथा मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम |
| ७० | युवा लक्षित कृषि प्रबर्धन अभियान कार्यक्रम |
| ७१ | प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम |
| ७२ | प्राङ्गरिक कृषि प्रबर्धन अभियान कार्यक्रम |

स्थानीय राजपत्र

| | |
|---|---|
| ७३ | महिला,दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम |
| ७४ | नमुना व्यवसायिक पशुपालन फर्म कार्यक्रम |
| ७५ | साझेदारिमा कृषि तथा पशुपन्छि पुर्वाधार विकास कार्यक्रम |
| ७६ | सक्रिय कृषि/पशु सहकारी संस्था तथा अन्य संस्थासँग सहकार्यमा व्यवसायिक पशुपालन |
| ७७ | बाखाको बृहत्तर पकेट कार्यक्रम |
| ७८ | कार्यपालिकाबाट निर्णय भए बमोजिम कृषि व्यवसाय प्रर्वधन कार्यक्रम |
| ७९ | स्थानीय प्रजाति पन्छि पालन कार्यक्रम |
| ८० | गाई, भैसी, बाखा पालन आदी कार्यक्र |
| ८१ | घरेलु उद्यम व्यवसाय गलैचा, आते औजार, ढाका, सिलाईकटाई, व्याग तथा अन्य मुल्य अभिवृद्धि सम्बन्धी उद्योग |

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी झापा

**बिषय :- कृषि अनुदान कार्यक्रम सम्बन्धमा ।**

महोदय,

प्रस्तुत् विषयमा यस कृषि तथा पशुपन्छी फार्म/ कृषि तथा पशुपन्छी समुह/ कृषि तथा पशुपन्छी सहकारी/कृषक उद्यमी/कृषि जल उपभोक्ता समितिले .......................... कार्यक्रम अन्तर्गत तपशिलमा उल्लेखित बमोजिम कृषि, पशु तथा मत्स्य उत्पादन सामाग्री मागको लागि यो निवेदन पेश गरेको छु ।

तपशिल

| सि.न. | कार्यक्रमको नाम | माग गरेको कृषि सामाग्रीको नाम | सामाग्रीको परिमाण | सामाग्रीको स्पेसिफिकेसन | कै |
|---|---|---|---|---|---|
| | | | | | |

संलग्न कागजात

१. कृषि, पशु तथा मत्स्य फर्म/ समुह/सहकारी/उद्यमी दर्ता प्रमाण पत्रको प्रतिलिपि,
२. कर चुक्ता/ गत आ.व. अडिट रिपोर्टको प्रतिलिपि,
३. संस्थाको निर्णयको प्रतिलिपि,
४. वडा कार्यालयको सिफारिस पत्र,
५. धनी पूर्जाको प्रतिलिपि,
६. नागरिकताको प्रतिलिपि,
७. कृषक सदस्यहरुको विवरण फारम

निवदेक

दस्तखत:-

नाम :- पद :-

संस्थाको नाम:- ठेगाना :-

सम्पर्क नं.. संस्थाको छाप

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कचनकवल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
बनियानी झापा

**बिषय :- कृषि व्यवसायको व्याज अनुदान सम्बन्धमा ।**

महोदय,

प्रस्तुत् विषयमा यस कृषि तथा पशुपन्छी फार्म/ कृषि तथा पशुपन्छी समुह/ कृषि तथा पशुपन्छी सहकारी/कृषक उद्यमी/कृषि जल उपभोक्ता समितिले ........................ कार्यक्रम अन्तर्गत तपशिलमा उल्लेखित बमोजिम कृषि व्यवसायको व्याज अनुदान मागको लागि यो निवेदन पेश गरेको छु ।

तपशिल

| सि.न. | व्यवसायको नाम | अधिकतम पूँजी | स्वीकृत ऋण | वार्षिक व्याजदर | कुल बार्षिक व्याजदर | कै |
|---|---|---|---|---|---|---|
| | | | | | | |

संलग्न कागजात

१. कृषि, पशु तथा मत्स्य फर्म/ समुह/सहकारी/उद्यमी दर्ता प्रमाण पत्रको प्रतिलिपि,
२. कर चुक्ता/ गत आ.व. अडिट रिपोर्टको प्रतिलिपि,
३. संस्थाको निर्णयको प्रतिलिपि,
४. वडा कार्यालयको सिफारिस पत्र,
५. धनी पूर्जाको प्रतिलिपि,
६. नागरिकताको प्रतिलिपि,
७. कृषक सदस्यहरुको विवरण फारम
८. बैकबाट स्वीकृत कृषि ऋणको कागजात
९. बैकबाट निर्धारित व्याजदरको कागजात

निवदेक

दस्तखतः-

नाम :- पद :-

संस्थाको नामः- ठेगाना :-

सम्पर्क नं.. संस्थाको छाप

मागमा आधारित आयआर्जनको लागि कृषि उत्पादन सामाग्री औजार उपकरण वितरण कार्यक्रम अनुदानको लागि कार्ययोजना निवेदन

**क) व्यक्तिगत/ कृषि, पशु तथा मत्स्य फार्मको प्रयोजनको लागि**

१. कृषक/उद्यमीको नाम, थर :- ....................

नागरिकता नं. :- ................ जारी जिल्ला :- .................... जारी मिति :- .........

२. स्थायी ठेगाना :-

जिल्ला :- ......... गा.पा./न.पा. :- ........... वडा नं. .......... टोल :-...............

३. सर्म्पक :- मोवाइन नं. ................ फोन नं. .......................

४. प्राप्त गर्न चाहने कृषि उत्पादन सामाग्रीहरुको विवरण

| सि न | कृषि सामाग्रीको नाम | मोडेल/साइज | परिमाण | दररेट (रु) | जम्मा रकम रु | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. फार्म/संस्थाले गर्न चाहेको कृयाकलापहरुको विवरण

| सि न | क्रियाकलापको विवरण | संस्था/फार्मको लक्ष्य | | | | कै |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दररेट रु | जम्मा रकम रु | |
| | | | | | | |
| | | | | | | |

कृषि, पशु तथा मत्स्य फार्म/संस्थाको नाम :- .............................. ठेगाना :- .........

यस कृषि, पशु तथा मत्स्य फर्मलाई माथि उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायिक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

निवेदनको नाम, थर :- ........................

सहि :-

मिति :-

छाप :-

सम्पर्क नं.

मागमा आधारित आयआर्जनको लागि कृषि उत्पादन सामाग्री औजार उपकरण वितरण कार्यक्रम अनुदानको लागि कार्ययोजना निवेदन

**क) संस्थागत/समुहको प्रयोजनको लागि**

१. अध्यक्षको नाम, थर :- ....................

नागरिकता नं. :- ................ जारी जिल्ला :- .................... जारी मिति :- .........

२. स्थायी ठेगाना :-

जिल्ला :- ......... गा.पा./न.पा. :- ........... वडा नं. .......... टोल :-...............

३. सर्म्पक :- मोवाइन नं. ................. फोन नं. .......................

४. संस्थाको नाम :- ...................

५. सदस्य संख्या :- महिला ............... पुरुष :- ................ जम्मा :- .................

आ.ज. ................ दलित ................ अन्य .............. जम्मा .............

६. प्राप्त गर्न चाहने कृषि उत्पादन सामाग्रीहरुको विवरण

| सि न | कृषि सामाग्रीको नाम | मोडेल/साइज | परिमाण | दररेट (रु) | जम्मा रकम रु | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

७. फार्म/संस्थाले गर्न चाहेको कृयाकलापहरुको विवरण

| सि न | | संस्था/फार्मको लक्ष्य | कै |
|---|---|---|---|

| | क्रियाकलापको विवरण | इकाई | परिमाण | दररेट रु | जम्मा रकम रु | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

कृषि, पशु तथा मत्स्य फार्म/संस्थाको नाम :- ............................... ठेगाना :- ..........

यस कृषि, पशु तथा मत्स्य फर्मलाई माथि उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायिक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

निवेदनको नाम, थर :- ........................

सहि :-

मिति :-

छाप :-

सम्पर्क नं.

अनुसूचि २

दफा २२ सँग सम्बन्धित

**मासिक प्रगति प्रतिवेदनको ढाँचा**

आ.व. ...................        महिना :-

| सि.नं. | बजेट उपशिर्षक नं. | कार्यक्रम | वडा | कार्यालयबाट निकासा रकम रु | | अनुदानग्राहीलाई भुक्तानी भएको रकम रु | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | यस महिना | हालसम्मको | यस महिना | हालसम्मको | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूचि ३

दफा २० सँग सम्बन्धित

**कार्यालयले पेश गर्ने चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन**

आ.व. .................

| सि.नं. | बजेट उपशिर्षक न | कार्यक्रम | वडा | अनुदानग्राही को नाम | अनुदानग्राही को फर्म वा कम्पनी नाम | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु | अनुदानग्राहीलाई भुक्तानी भएको रकम रु | फिर्ता दाखिला भएको अनुदान रकम रु | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

स्थानीय राजपत्र

आज्ञाले,
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र